## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

सवैला नगरपालिका

# स्थानीय राजपत्र

| खण्डःक | संख्याः १ | मितिः२०७४/१२/२२ |
|---|---|---|

**भाग-२**

**सवैला नगरपालिका**

**<u>सबैला नगरपालिकाको प्रथम नगरसभाको बैठकबाट मिति २०७४।१२।१३ मापारित भएका नीति, नियम तथा निर्णयहरु</u>**

## निर्णय नं. १

यहि २०७४ असोज २ गते स्थानिय तहको निर्वाचनलाई शान्तिपूर्ण एवंम् उत्साहजनक रुपमा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण राजनैतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षा निकाय, सञ्चारकर्मी एवंम् सबैला नगरबासी आदरणीय मतदाताहरुलाई हार्दिक धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

## निर्णय नं.२

सबैला नगरकार्यपालिकाबाट स्वीकृत भएको नगर प्रमुखद्धारा प्रथम नगरसभामा प्रस्तुत सबैला नगरपालिकाको आ.व. २०७४/७५ को बार्षिक नीति, कार्यक्रम तथा बजेट माथि छलफल गरी पारित गरियो । नीति दस्तावेजमा उल्लेख भएका नीति तथा कार्यक्रमलाई नगर कार्यपालिकाले आवश्यक व्यवस्था मिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

## निर्णय नं. ३

आ.व. २०७४/७५ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय राजस्व, कर, शुल्क, दस्तुर, जरिवाना लगाउने, संकलन गर्ने, छुट दिने र आय संकलनको लागि प्रशासनिक व्यवस्था गर्न नगर कार्यपालिकाबाट स्वीकृत आर्थिक विधेयक २०७४ लाई पारित गरियो । पारित आर्थिक ऐन २०७४ मा भएको व्यवस्था अनुसारका करका किसिम दस्तुर, शुल्क, दण्ड जरिवाना र राजस्व छुट लगायतका सम्पूर्ण व्यवस्थाहरु प्रभावकारी रुपामा नगर कार्यपालिकाले कार्यान्वयन गर्ने । स्वीकृत आर्थिक ऐनको प्रावधानका सम्बन्धमा वडामा सूचना टासी तथा प्रचार प्रसार गरी गराई नागरिकलाई जानकारी गराई आफ्नो वडा भित्र राजस्व संकलनको प्रबन्ध वडा कार्यालयले मिलाउने ।

## निर्णय नं. ४

माथि निर्णय नं. ३ मा उल्लेखित आर्थिक विधेयकमा देहाय बमोजिम थप व्यवस्था गरी कार्यान्वयन गर्ने गराउने ।

क) सबैला नगरपालिका भित्रका सबै प्रकारका व्यवसाय दर्ताका लागि २०७५ साल जेष्ठ मसान्त भित्र व्यवसाय दर्ता गरेमा तोकिएको दर्ता शुल्कको ३० प्रतिशतले हुने रकम छुट दिई दर्ता गर्ने। २०७५ असाढ १ गतेदेखि अषाढ मसान्तभित्र दर्ता गर्नेलाई छुट नदिई तोकिएको दर्ता शुल्क लिई दर्ता गर्ने । आगामी आ.व. मा दर्ता गर्न आएमा आगामी सभाबाट जरिवाना तोकी सो समेत असुल गरिमात्र दर्ता गर्ने व्यवस्था मिलाउने ।

ख) सबैला नगरपालिकामा साविकदेखि भएरहेका भवन संरचनाको नक्सा अभिलेखिकरण गर्न २०७५ साल जेष्ठ मसान्त भित्र नक्सा सहित निवेदन गरेमा तोकिएको अभिलेखिकरण शुल्कको ४० प्रतिशतले हुने रकम छुट दिई नक्सा अभिलेखिकरण गर्ने । २०७५ असाढ १ गतेदेखि अषाढ मसान्तभित्र अभिलेखिकरण गर्नेलाई छुट नदिई तोकिएको शुल्क लिई अभिलेखिकरण गर्ने । आगामी आ.व. मा अभिलेखिकरण गर्न आएमा आगामी सभाबाट जरिवाना तोकी सो समेत असुल गरिमात्र अभिलेखिकरण गर्ने व्यवस्था मिलाउने ।

## निर्णय नं. ५

आ.व. २०७४/७५ मा सबैला नगरपालिका, वडा समितिहरु, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त चालु खर्च, पूजिगत खर्च, सामाजिक सुरक्षा सम्बन्धि खर्च र वित्तिय व्यवस्थाको रकम सम्बन्धित सञ्चित कोषबाट खर्च गर्न बनेको सबैला नगर कार्यपालिकाबाट स्वीकृत विनियोजन विधेयक २०७४ सर्वसम्मतिबाट पारित गरियो । यस स्वीकृत विनियोजन ऐन २०७४ मा उल्लेख भएका कार्यक्रम तथा बजेटहरु प्रभावकारी रुपमा खर्च गरी गराई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था नगर प्रमुखले मिलाउने ।

## निर्णय नं. ६

नेपाल सरकारको निर्णय, राष्ट्रबैक तथा महालेखा नियन्त्रक कार्यालयको निर्देशन बमोजिम स्थानिय तहमा खोलिएका संचित कोष खाता, चालु खर्च खाता, पूजिगत खर्च खाता, धरौटि खाताका अतिरिक्त खोलिएका विशेष खाताहरु र आवश्यक खाताहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

नगर कार्यपालिकाको बैठकले निर्णय गरि सभाको स्वीकृतिकालागि पेश गरेको निम्म लिखित नीति, कार्यविधि, नियमावली माथि छलफल गरी पारित गर्ने निर्णय गरियो :-

(क) नगर कार्यपालिका र वडा समितिको बैठक सञ्चालन सम्बन्धि कार्यविधि, २०७४

(ख) सबैला नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४

(ग) सबैला नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता, २०७४

(घ) सबैला नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४

(ङ.) सबैला नगरकार्यपालिका (कार्यविभाजन)नियमावली, २०७४

(च) सबैला नगरपालिकाको भवन निर्माण र सडक सम्बन्धि मापदण्ड तथा कार्यविधि, २०७४

## निर्णय नं. ८

नेपालको संविधान २०७२ को धारा २१७ अनुसार निम्न लिखित न्यायिक समिति गठन गरी स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा व्यवस्था भएअनुसारका न्याय सम्पादन सम्बन्धि कार्य गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

| | | |
|---|---|---|
| उप-प्रमुख (सबैला नगरपालिका) | - संयोजक | श्री निलुदेवी कापर |
| | - सदस्य | श्री बिशेश्वर यादब |
| | - सदस्य | श्री देवेन्द्र यादब |

न्यायिक समितिको निर्णय तथा अधिलेख व्यवस्थापनको लागि प्रमुख प्रशासकिय अधिकृतले नगरपालिकाको कर्मचारी तोक्न सक्नेछ ।

सभाबाट निर्वाचित सदस्यहरू एकै दलबाट नदोहोरिने गरी आगामी नगरसभाबाट पूनरावलोकन गर्न सकिनेछ ।

## निर्णय नं. ९

यस नगरपालिका कार्यप्रणलीलाई व्यवस्थित गर्न नगरसभा कार्य व्यवस्थापन र कार्य सञ्चालन नियमावली अत्यावश्यक भएकोले तपशिल बमोजिमको नियमावली मस्योदा समिति गठन गर्ने निर्णय गरियो ।

(क) संयोजक - श्री पारस साह

(ख) सदस्य - श्री ममता देवी पंजियार

(ग) ,, श्री रंन्जना देवी साह

(घ) ,, श्री राम करण कापर

(ङ.) ,, श्री रामबाबु साह

(च) सदस्य सचिव प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी

उल्लेखित समितिले नियमावलीहरु तयार गरि आगामी नगरसभामा पेश गर्ने ।

## निर्णय नं. १०

सभाको कार्यव्ययवस्था नियमावली तयार नभएसम्मको लागि आ-आफ्नो विषयक्षेत्र संग सम्बन्ध विषयमा कार्यपालिकाबाट भए गरेका निर्णय र काम कारवाहीको अनुगमन गरी सुझावदिन समेतकालागि तयशिल बमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।

तपशिल :-

**१.लेखा समिति :-**

संयोजक श्री बिशेश्वर यादब

सदस्य श्री लक्ष्मी यादब

सदस्य श्री राम पदारथ यादब

सदस्य श्री अनिता देवी यादब

सदस्य सचिव श्री राम दुलारी यादब

**२.बिद्यायन समिति :-**

संयोजक श्री प्रदिप दास

सदस्य - श्री झालो देवी

,, श्री उमा देवी

,, श्री हविव राईन

,, श्री बुझाउन यादब

**३.सुशासन समिति :-**

| | |
|---|---|
| संयोजक | श्री राम देव सहनी |
| सदस्य | श्री प्रमिला दास |
| सदस्य | श्री रेणु देवी |
| सदस्य | श्री किशोरी राईन |
| सदस्य सचिव | श्री रामाकान्त राय |

## निर्णय नं. ११

जनकपुर, धनुषाधाम, रघुनाथपुर हुदै सीताघाट जाने सडक चारलेन बनाउनकालागि प्रदेश योजनामा समाबेश गरी दिन प्रदेश सरकार र केन्द्र सरकारलाई तत्काल अनुरोध गर्ने ।

## निर्णय नं. १२

नगरस्तरीय अस्पताल निर्माणकालागि वडा नं. ९ को छहर स्थीत सार्वजनिक जग्गा नगरपालिकालाई उपलब्ध गराईदिन नेपाल सरकारलाई अनुरोध गर्ने ।

## निर्णय नं. १३

नगरपालिकाको भवन सवैलाको वडा नं १, २ र ३ को कुनै उपयुक्त स्थानमा र, नगर अतिथि गृह तथा बहुउद्देश्यीय भवन निर्माणकालागि सबैलाको उपयुक्त स्थानमा सार्वजनिक जग्गा उपलब्ध गराई दिन कार्यपालिकाले निर्णय गरी नेपाल सरकारलाई अनुरोध गर्ने ।

## निर्णय नं. १४

सबैला नगरपालिकामा रहेका पोखरी, तलाउ र सार्वजनिक जग्गाको व्यवस्थापनका लागि संघिय तथा प्रदेश कानूनको प्रतिकुल नहुने गरी आवश्यक नीति, नियमावली तयार गरी आगामी नगरसभामा स्वीकृतीको लागि पेश गर्ने व्यवस्था कार्यपालिकाले मिलाउने । यस्तो नियम नबनेसम्मका लागि नगरपालिकाभित्रका सार्वजनिक तथा निजी स्वामित्वका सम्पूर्ण पोखरी, पानीका मुहान, तलाउ र सार्वजनिक जग्गा पुर्न, स्वरुप परिवर्तन गर्न रोक लगाउने ।

तर नगरपालिकाले व्यवस्थापन गरी आएका पोखरी, तलाउको व्यवस्थापन, ठेक्का बन्दोबस्ती बहाल बिटौरी उठान गर्ने कार्य नगरपालिकाले गर्ने ।

माछापालनकालागि नगरपालिकाले ठेक्कामा दिएका तथा हाल ठेक्कामा नलागेका सार्वजनिक स्थलका पोखरीहरुमा आवश्यक निर्माण, मर्मत सम्भार नगरपालिकाले गर्ने गराउने ।

## निर्णय नं. १५

सबैला नगरपालिका क्षेत्रमा कसैले पनि खसि, बोका, बाखा, पाठा, गाई, भैंसी, रागा, गोरु, हास, कुखुरा, सुगुर, बगुर लगायतका घरपालुवा पशुपंछिलाई सार्वजनिक स्थलमा छाडा छोड्न नपाउने व्यवस्था नगरपालिकाले मिलाउने । यसरी छाडा छोडिएका पशुपंछिलाई नगरपालिकाले निम्नानुसार व्यवस्थान गर्ने व्यवस्था तत्काल मिलाउने ।

क)	छाडा छोडिएका पशुपछि नगरपालिकाले कब्जामा लिई प्रथम पटक भए आईन्दा छाडा नछोड्ने कागज गराई हकवालालाई फिर्ता दिने ।

ख)	दोस्रो पटक छाडा छोडेको भेटिएमा रु. १०००।- जरिवाना गरी आईन्दा छाडा नछोड्ने कागज गराई हकवालालाई फिर्ता दिने ।

ग)	तेस्रो पटक छाडा छोडेको भेटिएमा रु. ३०००।- जरिवाना गरी आईन्दा छाडा नछोड्ने कागज गराई हकवालालाई फिर्ता दिने ।

घ)	चौथो पटक छाडा छोडेको भेटिएमा रु. ५०००।- जरिवाना गरी आईन्दा छाडा नछोड्ने कागज गराई हकवालालाई फिर्ता दिने ।

ड.)	पाचौं पटक छाडा छोडेको भेटिएमा नगरपालिकाले सार्वजनिक सूचना प्रकाशित गरी लिलाम बढाबढद्धारा बिक्रि गरी सोबाट आएको रकम नगरपालिकाले आम्दानी बाँध्ने व्यवस्था मिलाउने ।

च)	छाडा भेटिएको पशुपंछि कसैलेपनि दाबी गर्न नआएमा समेत सार्वजनिक सूचना प्रकाशित गरी लिलाम बढाबढद्धारा बिक्रि गरी सोबाट आएको रकम नगरपालिकाले आम्दानी बाँध्ने व्यवस्था मिलाउने ।

## निर्णय नं. १६

सबैला नगरपालिकामा जनपथ प्रहरी चौकीको स्तरोन्नति गरी डि एस पी दरबन्दि कायम गरी प्रहरी जनशक्ति थप्नकालागि नेपाल सरकार गृह मन्त्रालयमा अनुरोध गर्ने ।

## निर्णय नं. १७

आ.व. २०७४/७५ श्रावणमा भएको बाढि डुवान र पुष माघको शितलहरको कारण सबैला नगर क्षेत्रभित्र पुगेको धनजन र पूर्वाधारको क्षतिलाई न्यनिकरण र व्यवस्थापन गर्न मर्मत सम्भार तथा विपद व्यवस्थापन अन्तर्गत भएका खर्चहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १८

चालु आ.व. २०७४/७५ श्रावण १ गतेदेखि हालसम्म भएका चालु, पूजिगत, धरौटी फिर्ता, मर्मत सम्भार, सामाजिक सुरक्षा खर्च, आन्तरिक व्यवस्थापन तर्फ नियमानुसारका भुक्तानी भए गरेका खर्चलाई सभाले जानकारीमा लिई नियमानुसार भएका कामकारवाही अनुमोदन गरियो ।

## निर्णय नं. १९

चा.लु आ.व. श्रावण १ गते बिभिन्न मितिमा कार्यकारी अधिकृतको एकल बोर्ड, नगर प्रमुख, नगर उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृत र नगर कार्यपालिकाको बैठकबाट हालसम्म भए गरेका निर्णय र कामकारवाही जानकारीमा लिई नियमानुसारका कार्य अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २०

नगरपालिकाबाट सञ्चालन हुने क्षमता विकास तालिम लगायत अन्य सामाजिक विकासका कार्यक्रमहरु सञ्चालन, विभिन्न बैठकहरु, सभा समारोह गर्दा अर्थ मन्त्रालय तथा संघिय मामिला तथा स्थानिय

विकास मन्त्रालयले स्वीकृत गरेको नर्म्सलाई आधारमानी हालसम्म भएको खर्च अनुमोदन गरियो र भुक्तानी दिनबाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. २१

नगर क्षेत्रमा सञ्चालित विकास आयोजनाहरु सञ्चालन गर्नका लागि नगर दररेट यस आ.व.कालागि जिल्ला समन्वय समितिले तयार गरेको जिल्ला दररेट अनुसारै कायम गर्ने निर्णय गरियो । नगर कार्यपालिकाबाट योजना तथा कार्यक्रमको लागत अनुमान तयार गर्दा प्रचलित स्थानिय दररेटलाई समेत विचार गर्नु पर्ने निर्णय गरियो ।

## निर्णय नं. २२

चालु आ.व.मा नगर तथा वडास्तरबाट जनसहभागिताबाट सञ्चालन हुने सार्वजनिक निर्माणका तोकिएका योजना तथा कार्यक्रमहरु स्वीकृत बजेट सिमाभित्र नियमानुसार लागत अनुमानको ३ प्रतिशत योजना शिरोभार (Contizency) खर्च कट्टि र लागतको कम्तिमा १५ प्रतिशत नगद सहभागिता रकम दाखिला गर्ने गराउने निर्णय गरियो । श्रमसहभागिताको हकमा कुल लागतको कम्तिमा २० प्रतिशत बराबर जन श्रमदान गर्ने गराउने निर्णय गरियो ।

## निर्णय नं. २३

आ.व. २०७३/७४ अषाढ मसान्त सम्ममा सम्पन्न हुन नसकेका सडक पूर्वाधार, सामुदायिक भवन, वा यस्तै प्रकृतिका अन्य कार्यक्रम,योजना परियोजनाहरुको विगतको कार्यक्रमको कार्य प्रगति, गुणस्तर, मुल्याङ्कन र बाँकी कामको परिमाणको आधारमा मात्र आवश्यकता अनुसार प्राविधिकबाट लगत इस्टिमेट डिजाईन, ड्रईङ्ग गर्नु भए सो समेत गरी गराई कानून बमोजिम यथार्थपरक तथा नियमसंगत ढंगले बाँकी काम कार्यपालिकाले निर्णय गरी अगाडी बढाउने निर्णय गरियो ।

## निर्णय नं. २४

नगर कार्यपालिका क्षेत्रभित्र सञ्चालन हुने आयोजना र सो आयोजना सञ्चालन गर्ने उपभोक्ता समिति / निर्माण व्यवसायको सम्पूर्ण विवरण, आयोजनाको नाम, लागत, कार्य सम्पन्न गरिसक्नु पर्ने मिति खुल्ने गरि आयोजना स्थलमानै अनिवार्य रुपमा होडिङ्गबोर्ड राख्न लगाउने निर्णय गरियो ।

## निर्णय नं. २५

सबैला नगर क्षेत्र भित्र उपभोक्ता समितिबाट सञ्चालन हुने वडास्तरीय आयोजन कार्यक्रमहरुको नियमानुसार सम्झौता, अनुगमन निरिक्षण सिफारिश लगायत आयोजनासंग सम्बन्धित काम गर्न गराउन वडा कार्यलयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २६

नगरपालिकाभित्र उपभोक्त समिति मार्फत कार्य गराउन नगरकार्यपालिकाले उपभोक्ता समितिको प्रस्ताव स्वीकृत गर्नु पर्नेछ । यसरी स्वीकृत कार्यक्रमको लागि उपभोक्ता समितिबाट हुने लागत सहभागिता श्रमसहभागिता सुनिश्चित गर्ने गराउने, स्वीकृत ड्रोईङ्ग, डिजाईन, स्पेशिफिकेशन, गुणस्तर, परिमाण सुनिश्चित गर्ने गराउने सम्पूर्ण उत्तरदायित्व वडा समितिको हुने र यस सम्बन्धमा वडा समिति नगर कार्यपालिका प्रति उत्तरदायित्व हुने निर्णय गरियो ।

कार्यक्रम सम्बन्धि आर्थिक कारोबार गर्दा गराउदा स्थानिय शासन सञ्चालन ऐन २०७४, सार्वजनिक खरिद ऐन, नियमावलि र अन्य कानून अनुसारनै हुनेछ ।

## निर्णय नं. २७

स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले योजनाको फरफारक कार्यपालिकाबाट हुनुपर्ने व्यवस्था भए अनुसार वडास्तरिय योजना र नगरस्तरिय योजनाको हकमा नगरकार्यपालिका वा नगरपालिकाबाट गठित समितिले स्थलगत अनुगमन, मूल्यांकन गरी पेश गरेको प्रतिवेदनको आधारमा आयोजनाको हिसाव किताब नगरपालिकाबाट फरफारक गर्ने निर्णय गरियो ।

## निर्णय नं. २८

नगर प्रमुख, उप-प्रमुख, नगर कार्यपालिकाको सदस्य तथा नगरसभाको सदस्यहरुलाई संसदिय प्रकृया र नगरपालिका सम्बन्धि अध्ययन अन्वेषण, अवलोकन र अनुभव आदान प्रदान गर्न गराउन नेपालको कुनै प्रदेश अन्तर्गतको कुनै निश्चित क्षेत्रमा प्रतिनिधि तथा प्रतिनिधि मण्डलको रुपमा भ्रमण गर्दा गराउदा नियमानुसारको भ्रमण खर्च उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. २९

नगर प्रमुखलाई र प्रमुख प्रसाशकीय अधिकृतलाई उपलब्ध गराईएको सवारी सुविधा, सञ्चार सुविधालाई निरन्तरता दिने निर्णय गरियो । उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य र नगरसभा सदस्यले पाउने सुविधाको सम्वन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको नीति नियम निर्देशन विपरित नहुने गरि नगर कार्यपालिकाले सेवा सुविधा निर्धारण गर्ने । नगर कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारीलाई कार्यालयको कामका लागि सवारी साधन उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ३०

नेपाल सरकारबाट कर्मचारी समायोजन नहुन्जेलसम्मको लागि न.पा. बाट सञ्चालन गरिने पूर्वाधार विकासका कार्यक्रमहरु, मर्मत सम्भारका कार्यक्रमहरु, नक्सा अभिलेखिकरण तथा पास सम्बन्धि कार्यक्रमहरु तत्कालै गर्नु गराउनु पर्ने भएको सन्दर्भमा कार्यपालिकाले निर्णय गरी निम्न संख्यामा नबढ्ने गरी प्राविधिक, प्रशासनिक कर्मचारीहरु सेवा करारमा लिई २०७५ अषाढ मसान्तसम्मका लागि काममा लगाउने निर्णय गरियो ।

१. ईन्जिनियर ३ (तिन) जना

२. सव ईन्जिनियर ७ (सात) जना

३. सव ओभरसियर ३ (तिन) जना

४. ज.टि.ए. ५ (पाच) जना

५. कम्प्युटर अपरेटर ६ (छ ) जना

६. कार्यालय सहयोगी १० (दश) जना

७. कुचिकार ३० (तिस) जना

## निर्णय नं. ३१

नगरपालिकाको शान्ति सुरक्षा तथा नगरपालिकाको कार्यक्रमहरुलाई व्यवस्थित रुपमा कार्यान्वय गर्न गराउन नगरपालिकाको आफ्नै नगर प्रहरीको व्यवस्था नहुन्जेलसम्मको लागि नगर कार्यपालिकाले निर्णय गरी सुरक्षाकर्मी सेवा करारमा लिने ।

## निर्णय नं. ३२

संघ, प्रदेश र न.पा.को कार्यक्रम तथा कार्यको सिलसिलामा नगर उप प्रमुखले जिल्ला बाहिर, प्रदेश वा संघको कार्यक्रममा भाग लिन आउदा जादा बाटोमा लाग्ने दिन र कार्यक्रमको दिनका लागि चारपाँग्रे सवारी साधन भाडामा  लिई उपलब्ध गराउने ।

## निर्णय नं. ३३

नगरसभा बैठक, नगरकार्यपालिका बैठक, वडा समिति बैठक, विषय क्षेत्र समितिको बैठक, विषय क्षेत्र कार्यालयको बैठकमा भागलिने पदाधिकारी तथा कमर्मचारीलाई बैठक भत्ता, सञ्चार सुविधा, इन्धन सुविधा, तालिम अभिमुखिकरण गोष्ठिमा सहभागि भत्ता, सरसफाईमा खटिने कर्मचारीको सुविधा, खाना खाजाको सुविधा, राशन सुविधा, नगरसभामा खटिने कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धमा नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको खर्चको नर्मस पारित गरियो ।

## निर्णय नं. ३४

कर्मचारी कल्याण कोष, विपद व्यवस्थापन कोष, वातावरण तथा जलबायु परिर्वतन व्यवस्थापन कोष र आकष्मिक कोष खडा गरी सोमा जम्मा गर्न विनियोजित रकम स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३५

संस्थागत र व्यक्तिगत करारबाट नगरपालिकाले सेवामा लिएको बाहेक नगरकार्यपालिका कार्यालय र वडा कार्यालयमा रहि सार्वजनिक सेवा प्रवाह गर्ने निजामति तथा स्थानिय तहका स्थायी कर्मचारीहरुलाई साविक देखिनै खाईपाई आएको मासिक तलबको १५ प्रतिसत स्थानिय प्रोत्साहन भत्तालाई निरन्तरता दिने निर्णय गरियो । तर असाधारण र अध्यन विदामा बसेको अवधि र एक महिनाभन्दा बढि विदामा बस्ने कर्मचारीलाई स्थानिय प्रोत्साहन भत्ता उपलब्ध गराईने छैन ।

## निर्णय नं. ३६

प्राथमिक स्वास्थ्य चौकी अन्तर्गत कार्यरत स्वयम सेविकाहरुलाई साविकमा दिदै आएको सुविधाको सम्बन्धमा आन्तरिक स्रोतलाई समेत विचार गरि कार्यपालिकाले निर्णय गर्ने गरि अधिकार प्रत्यायोजन गरियो ।

## निर्णय नं. ३७

स्वीकृत आर्थिक विधेयक २०७४ अनुसार लगाएको शुल्क दस्तुर वडा कार्यालयबाट संकलन गरी गराई सम्बन्धित खातामा तत्काल राजस्व दाखिला गराई सोको विवरण मासिक रुपमा नगरपालिकामा पेश गर्ने गराउने जिम्मेवारी वडाध्यक्षलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

नगरकार्यपालिकाले आफ्नो नगर प्रहरी नियुक्ति नगरुन्जेल सम्म नगरसभा सञ्चालन भएका अवधिकालागि मर्यादा पालकका रुपमा सादा पोशाकमा खटिने बढिमा आठ जनासम्म मर्यादा पालक (प्रहरी) लाई दैनिक रु ५००।- खाजा भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३९**

हरेक महिनाको १ दिन १ वडालाई समय र मिति निर्धारण गरि नगर प्रमुख, नगर उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृत वडा कार्यालयमा बसी नगरबासीका गुनासोहरु सुन्ने र सोको समाधान गर्न आवश्यक व्यवस्था नगरपालिकाले मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४०**

नगर प्रमुख, नगर उप प्रमुख वा सम्बन्धित वडाका वडा अध्यक्षहरुको नेतृत्वमा बजार अनुगमन गरिनेछ । बजार अनुगमनको क्रममा अखाद्य रंग प्रयोग गरि खाद्य सामग्रि तयार गरि बेचबिखन गर्ने तथा म्याद गुज्रेका खाद्य समाग्री बेचबिखन गर्ने र न्युनगुणस्तरको खाद्य सामाग्री बेचबिखन गरेको पाईएमा जफत गरि नष्ट गरिनेछ साथै त्यस्ता व्यपारी र व्यवसायीलाई कडा भन्दा कडा कानूनी कारवाही समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१**

नगरक्षेत्र भित्रहुने विपद , माहामारी साथै संकटलाई व्यवस्थापन गर्न नगरस्तरीय विपद व्यवस्थापन समिति / वडा स्तरिय विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४२**

महिलाले आफ्नो नाममा नगरपालिकामा प्रचलित कानून बमोजिम दर्ता गर्ने उद्योगमा ३० प्रतिशत र अन्य व्यापार व्यवसायहरुको दर्तामा छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ४३**

८० वर्ष उमेर नाघेका जेष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका तथा हिडडुल गर्न नसक्ने जुनसुकै उमेर समुहका लाभग्राहीहरुका बैक सुबिधा नभएसम्म जनप्रतिनिधिहरुको रोहबरमा घरदैलोमै भत्ता पुर्‍याउर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४**

यस नगरक्षेत्रभित्र डिजे हर्न बजाउने सम्बन्धमा मापदण्ड तयार गरी कार्यपालिकाले तत्काल आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५**

नेपालको संविधान २०७२ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि सबैला नगरपालिकाले आवश्यकताको आधारमा राष्ट्रिय र अन्तराष्ट्रिय, नगरहरुसंग कार्यपालिकाको निर्णय गरी भगीनी सम्बन्ध कायम गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४६

सबैला नगरपालिका भित्र अर्को व्यवस्था नभएसम्मका लागि जग्गा पटिङ्ग रोक लगाउने निर्णय गरियो ।

## निर्णय नं. ४७

नगरपालिका क्षेत्रमा कम्तिमा एक सुविधा सम्पन्न अस्पताल निर्माण गर्न संघिय सरकार तथा प्रान्तीय सरकारसंग माग गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४८

नगरपालिका भित्रका सार्वजनिक जग्गा तथा सम्पतिको अभिलेख व्यवस्थापन गर्न कार्यपालिकाले आवश्यक व्यवस्था मिलाउने । सार्वजनिक जग्गा प्रचलित ऐन कानून अनुसार सार्वजनिक प्रयोजनका लागि नगरपालिकाले प्रयोग गर्न गराउन कार्यपालिकाले आवश्यक व्यवस्था मिलाउने । सार्वजनिक जग्गामा कुनैपनि प्रकारको अतिक्रमण गर्न संरचना निर्माण गर्नका निमित्त रोक लगाउने निर्णय गरियो ।

## निर्णय नं.४९

कृषि उत्पादनलाई सुरक्षित राख्नका लागि कृषि शित भण्डार ( Cold Store ) निर्माण गर्न संघिय तथा प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५०

स्वीकृत विनियोजन विधेयकमा रहेको योजना तथा कार्यक्रमलाई श्रोतगत तथा बजेट उपशिर्षक अनुसार मिलाउने जिम्मा कार्यपालिकालाई दिने निर्णय गरियो ।

## निर्णय नं. ५१

यस नगरक्षेत्र भित्र काम गर्न इच्छुक NGOs , INGOs नगरपालिकाको स्वीकृत मापदण्डको अधिनमा रहि नगरपालिकाले स्वीकृत गरे पश्चात मात्र आफ्नो योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न दिने निर्णय गरियो ।

## निर्णय नं. ५२

यस नगर क्षेत्रको विकास व्यवस्थापनका लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टि, माटो, बालुवा आदि सामाग्री वन तथा अन्य सम्बन्धित कार्यालयसंग समन्वय गरि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) वा वातावरणिय प्रभाव मुल्याङ्कन (EIA) अनिवार्य रुपामा गरी गराई सोको आधारमा मात्र उत्खनन तथा प्रयोग गर्न दिने निर्णय गरियो ।

## निर्णय नं. ५३

यस नगरपालिकाको क्षेत्राधिकारका विषयमा नगरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाउने अधिकार कार्यपालिकालाई दिने निर्णय गरियो ।

## निर्णय नं. ५४

विषयक्षेत्रगत शिक्षा, स्वास्थ्य, आयुर्वेद, पशुतर्फका विविध कार्यक्रमहरु निक्षेपित भै आएको सन्दर्भमा उक्त कार्यक्रमहरुमा विनियोजित रकम बमोजिमको कार्यक्रम विषयक्षेत्रगत समितिको सिफारिशमा नगरकार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५५

आवश्यकता, औचित्य, विद्यार्थी संख्या र सम्भाव्यता आधारमा शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक पहल कदमी कार्यपालिकाले लिने निर्णय गरियो ।

## निर्णय नं. ५६

यस निर्णयमा उल्लेख भए बाहेकका कामकार्वाही गर्न अतिआवश्यक भएमा सोको कारण खोली नगर कार्यपालिकाले निर्णय गरी कार्य गर्ने गराउने र सोको समर्थनको लागि आगामी सभामा पेश गर्ने ।

## निर्णय नं. ५७

नगर कार्यपालिकाको यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि आभग्राहीले बैक खाता खोली सकेको अवस्था नभएका कारण एक पटकको लागि नगदै वितरण गर्ने गराउने सम्बन्धमा गरेको निर्णय, प्रशासकिय प्रमुखलाई आवास कर भान्से सुविधा उपलब्ध गराउने निर्णय र तत्कालकालागि औषधि खरिद गरि स्वास्थ्य केन्द्रमा वितरण गर्न गरेको निर्णय र सो अनुसार भए गरेका काम कारर्वाही समर्थन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५८

नगरपालिकाको कार्य प्रभावकारी बढाउनको लागि नगर प्रमुखले कर्मचारीहरुलाई आवश्यक प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

## निर्णय नं. ५९

नगरपालिकाका उप मेयरलाई यातायातका लागि सवारि साधन उपलब्ध गराई दिन प्रदेश सरकार तथा संघिय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६०

सबैला न.पा.को उपयुक्त स्थानमा राष्टियस्तरको खेलकुद मैदान निर्माणका लागि संघ र प्रदेश सरकारलाई अनुरोध गर्ने ।

## निर्णय नं. ६१

नगरपालिकाको मेयर, उप मेयर, वडा अध्यक्ष र वडा सदस्य लगायत नगरपालिकाका सम्पूर्ण सदस्यहरुलाई मासिक रुपमा उपयुक्त पारिश्रमिक उपलब्ध गराई दिनको लागि प्रदेश सरकार तथा संघिय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६२**

स्थानिय निकायमा निर्वाचित तथा मनोनित उप मेयर र महिला सदस्यहरुलाई क्षमता विकासका विशेष तथा लक्षित कार्यक्रम तत्काल सञ्चालन गर्न प्रदेश सरकार तथा संघिय सरकार संग माग गर्ने ।

**निर्णय नं. ६४**

नगरपालिकाका वडा सदस्यहरुलाई समेत सञ्चार इन्धन सुविधा उपलब्ध गराई दिन प्रदेश सरकार तथा संघिय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६५**

माथि उल्लेखित विषय बाहेक अन्य विषयहरु प्रचलित कानून बमोजिम कार्यपालिकाले निर्णय गरी गर्ने गराउने ।

**सभाअध्यक्षले प्रथम नगरसभामा पाल्नुहुने बोल्नुहुने सम्पूर्ण सभासदलाई धन्यवाद तथा आभार व्यक्त गर्दै सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।**

**आज्ञाले**

**राजुवावु पुडासैनी**

**प्रमुख प्रशासकिय अधिकृत**